# बुटवल पावर कम्पनी लिमिटेड
# BUTWAL POWER COMPANY LIMITED
गंगादेवी मार्ग वडा नं. १०, बुद्धनगर, काठमाडौं ।
फोन नं: ४७८१७७६, ४७८४०२६, फ्याक्स नं: ०१-४७८०९९४
Email: info@bpc.com.np, URL: www.bpc.com.np


को

## शेयरधनीहरुलाई
## नगद लाभांश तथा बोनश शेयर वितरण सम्बन्धी सूचना

यस बुटवल पावर कम्पनी लिमिटेडको मिति २०७५/०९/२७ गतेका दिन सम्पन्न २६औं वार्षिक साधारण सभाबाट यस कम्पनीका शेयरधनीहरुलाई आ.व. २०७४/०७५ को मुनाफाबाट प्रति शेयर रु. १८/- का दरले नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित भए बमोजिम उक्त नगद लाभांश आज मिति २०७५/११/२३ गते बिहीबारका दिनदेखि एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी काठमाण्डौंबाट देहाय बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा उपलब्ध गराएको बैंक खातामा जम्मा/भुक्तानी गर्ने व्यवस्था गरिएको हुंदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

क. साधारण सभा प्रयोजनकालागि शेयर दाखिला बन्द हुने मितिसम्ममा कायम रहेका शेयरधनीहरुको हितग्राही खातामा बैंक खाताको विवरण अद्यावधिक भएको हकमा नगद लाभांश वापतको रकम सोही खातामा नै क्रमश: जम्मा गर्ने व्यवस्था गरिएको छ । शेयरधनीहरुको संख्या धेरै भएका कारण लााभांशको रकम क्रमैसंग शेयरधनीको बैंक खातामा जम्मा हुनेछ ।

ख. बैंक खाताको विवरणसंग नाम वा खाता नं. फरक पर्न गई बाँडफाँड गर्न शुरु गरिएको मितिले बढीमा ३ कार्यदिन सम्ममा पनि लाभांशको रकम खातामा जम्मा नभएमा आफ्नो बैंक खाताको विवरण (चेक वा स्टेटमेण्ट) सहित कार्यालय समयमा एनएमबि क्यापिटल लिमिटेडमा सम्पर्क राख्न आउनुहुन अनुरोध गरिन्छ ।

ग. हालसम्म पनि भौतिक रुपमा नै शेयर प्रमाणपत्र राख्नु भएका वा अभौतिकीकरण (DEMAT) गराएर पनि हितग्राही खातामा आफ्नो बैंक खाता अद्यावधिक नगराउनु भएका शेयरधनी महानुभावहरुले भौतिक रुपमा रहेको शेयर अभौतीकीकरण गराई आफ्नो हितग्राही खातामा बैंक खाता नं. अद्यावधिक गराउनु भएमा अद्यावधिक गराएको मितिले बढीमा १५ दिनभित्रमा निजहरुको नगद लाभांश सोही खातामा क्रमानुसार जम्मा गर्ने व्यवस्था गरिनेछ ।

**बैंक खाता अद्यावधिक गर्दा ध्यान दिनुपर्ने कुराहरु:**

१. आफ्नो बैंक खाता नेपाल क्लियरिङ्ग हाउसबाट IPS को सदस्यता प्राप्त बैंक वा वित्तीय संस्था नै हुनुपर्नेछ र सम्बन्धित शेयरधनी कै नाममा (नाबालक भएमा निजकै नाममा) रहेको चल्ती वा बचत खाता हुनुपर्नेछ ।

२. हितग्राही खातामा बैंक खाताको विवरण अद्यावधिक गराउँदा बैंकबाट उपलब्ध गराईएको खाता नं. हुबहु मिल्नुपर्नेछ र सोही विवरण नै अद्यावधिक गराउनु पर्नेछ ।

३. बैंक खाता नं. रुजु नभएको, मर्जर पश्चात खाता रहेको बैंकको नाम परिवर्तन भएको, हितग्राही खाता र बैंक खाताको नाम रुजु नभएको तथा अन्य विविध कारणले लाभांशको रकम खातामा जम्मा हुन नसकेका शेयरधनीहरुको हकमा हितग्राही खातामा उल्लेखित विवरण अद्यावधिक भए पश्चात क्रमानुसार नगद लाभांश IPS मार्फत बैंक खातामा जम्मा गर्ने व्यवस्था मिलाईनेछ ।

४. बैंक खातामा नगद लाभांश जम्मा गर्दा सम्बन्धित बैंक वा वित्तीय संस्थाको नियमानुसार कुनै शुल्क लाग्ने भएमा सो शुल्क शेयरधनीले नै व्यहोर्नुपर्नेछ ।

**बोनस शेयर वितरण सम्बन्धमा**

२६औं वार्षिक साधारण सभाबाट शेयरधनीहरुलाई १० प्रतिशत बोनस शेयर वितरण गर्ने प्रस्ताव पारित भए बमोजिम कम्पनीका शेयरधनीहरुलाई साधारण सभा प्रयोजनार्थ शेयरधनी दर्ता पुस्तिका बन्द हुँदाका वखत अभौतिक रुपमा शेयर धारण गर्नु भएका शेयरधनीहरुलाई बोनस शेयर सूचिकरण भए पश्चात निजको खातामा उल्लेखित बोनस शेयर जम्मा गरिने र भौतिक रुपमा शेयर धारण गर्नुभएका शेयरधनीहरुले निजहरुको यस कम्पनीको शेयर अभौतिकिकरण भए पश्चात स्वत: निजहरुको खातामा जम्मा गरिने व्यहोरा जानकारी गराउँदै भौतिक रुपमा शेयर धारण गर्नुभएका शेयरधनीहरुलाई आफ्नो शेयर अभौतिक गराउनु हुन समेत यसै सूचनाद्वारा अनुरोध गर्दछौं ।

**आफ्नो शेयर धितोमा राखी कर्जा सुविधा उपभोग गर्दै आउनु भएका शेयरधनीहरुको हकमा:**

यस साधारण सभा प्रयोजनकालागि शेयर दाखिल खारेजी बन्द हुने दिन भन्दा अघिल्लो दिन सम्ममा आफ्नो शेयर धितोमा राखी कर्जा सुविधा उपभोग गर्नुभएका शेयरधनी महानुभावहरुले सम्बन्धित बैंक वा वित्तीय संस्थाबाट No Objection Letter अथवा उल्लेखित मिति पछाडी कर्जा चुक्ता गर्नु भएका शेयरधनीहरुले नगद लाभांश/बोनस शेयर फुकुवा गरिदिने पत्र प्राप्त गरी एनएमबि क्यापिटल लिमिटेडमा पेश गरे पश्चात् नगद लाभांश/बोनस शेयर निज शेयरधनीको बैंक खाता/हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

**शेयर रजिष्ट्रार:**


NMB CAPITAL LIMITED

**एनएमबि क्यापिटल लिमिटेड**
नागपोखरी, काठमाडौं, नेपाल
फोन नं. ४४३७९६३, फ्याक्स नं. ४४३७९६०
E-mail: info@nmbcl.com.np Url: www.nmbcl.com.np